नेपाल विद्युत प्राधिकरण
प्यूठान बितरण केन्द्र

सिलवन्दी दरभाउपत्र नं. : **PDC-2074/075-Line Construction-SQ-01**

कार्य विवरण : बितरण केन्द्र अन्तर्गत साविक फोप्ली गा.वि.स. वडा नं. ८, ९ मा ३३ के.भी. प्रशारण लाईन र वडा नं. ३, ५, ६ एरियामा बितरण लाईन निर्माण गर्ने कार्य ।

कुल स्टिमेट रकम : **रु.८,८१,९२०।३१** (भ्याट सहित)

सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, समय : २०७४/०८/२४ गते बेलुकी ४:०० बजे सम्म ।

सिलबन्दी दरभाउपत्र दाखीला गर्ने अन्तिम मिति, समय : २०७४/०८/२५ गते मध्यान्न १२:०० बजे सम्म ।

सिलबन्दी दरभाउपत्र खोलीने मिति, समय : २०७४/०८/२५ गते दिउसो २:०० बजे ।

दरभाउपत्रदाताको नाम : .....

दस्तखत : .....

मिति : .....

छाप : .....

नेपाल विद्युत प्राधिकरण
प्यूठान बितरण केन्द्र

सिलवन्दी दरभाउपत्र सम्बन्धी संलग्न कागजातहरुको विवरण

क्र.सं.	विवरण	पाना थान
१.	इजाजत पत्र सम्बन्धी सम्पुर्ण विवरण (क) (ख) (ग) (घ) (ड.)	
२.	टुल्स, ज्यावल तथा जनशक्तीको विवरण	
३.	बैंक ड्राफट/बैंक ग्यारेण्टी सम्बन्धी विवरण	
४.	सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएका शर्तहरु बमोजिमका कागजातहरुको विवरण (क) (ख) (ग) (घ) (ड.)	

नेपाल विद्युत प्राधिकरण
प्यूठान बितरण केन्द्र

विषय: <u>निर्माण सम्बन्धी प्रस्तावना/शर्तहरु :</u>

१.० <u>निर्माणको शर्तहरु :</u>

१.१ सिलबन्दी दरभाउपत्र फाराम सुचना प्रकाशित मितिले १५औं दिन मिति २०७४/०८/२४ गते सम्म कार्यालय समय भित्र नेपाल विद्युत प्राधिकरण प्यूठान बितरण केन्द्रको नेपाल बैंक लिमिटेड प्यूठान शाखामा रहेको च.हि.नं. ०५२००१००७५०४४२०००००१ मा फिर्ता नहुने गरी रकम रु.१,०००।०० नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा बितरण केन्द्रको महशुल संकलन काउण्टरमा फिर्ता नहुने गरी रु.१,०००।०० तिरेको नगदी रसिद संलग्न गरी फर्मको हकमा ईजाजत प्राप्त प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी प्यूठान बितरण केन्द्रको प्रशासन फांटमा निवेदन दिएर सिलबन्दी दरभाउपत्र फाराम खरीद गर्न सकिने छ ।

१.२ सिलबन्दी दरभाउपत्र नेपाल विद्युत प्राधिकरण प्यूठान वितरण केन्द्रबाट प्रथम पटक सुचना प्रकाशित मितिले १६औं दिन मिति २०७४/०८/२५ गते मध्यान्न १२:०० बजे सम्ममा बुझाई सक्नु पर्ने छ र सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा (उपस्थित नभए पनि) खोलिने छ । तोकिएको मिति र समय पछि प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

१.३ दरभाउपत्र सिलबन्दी खाम भित्र हुनु पर्ने छ र दरभाउपत्रको खाममा निम्न कुराहरु प्रष्ट लेखिएको हुनु पर्ने छ ।
क) दरभाउपत्रको विषय
ख) कार्यालयको नाम, ठेगाना
ग) दरभाउपत्रदाताको नाम, ठेगाना

१.४ दरभाउपत्रदाताले आफुले कबोल गरेको प्रति आईटम रकम अंक र अक्षर दुबैमा स्पष्ट रुपले खुलाउनु पर्ने छ । उल्लेख गरेको अंक यदि प्रष्ट नभएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईने छ ।

१.५ यस र यस पछिका प्रकरणहरुमा धनी भन्नाले नेपाल विद्युत प्राधिकरण प्यूठान बितरण केन्द्रलाई जनाउने छ ।

१.६ कुनै पनि कारण नजनाई पुर्ण वा आंशिक दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार धनीमा निहित रहने छ ।

१.७ आकाशवाणी, टेलेक्स, फ्याक्स वा हुलाक, कुरियर्सबाट प्राप्त दरभाउपत्र तोकिएको समय नाघे पछि प्राप्त भएको दरभाउपत्र, एउटाको नाममा दरभाउपत्र खरीद गरी अर्काको नामले भरी पठाएको दरभाउपत्र र राम्ररी सिलबन्दी नगरीएको दरभाउपत्र र उल्लेखित अन्य शर्तहरु अनुसार रित नपुगेको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

१.८ प्यूठान बितरण केन्द्रको स्टोर भन्नाले केन्द्रको स्टोर जुंम्री, प्यूठान स्टोरलाई मानिने छ ।

१.९ लाईन विस्तारको लागि उपलब्ध गराईएका च्यानल लगायतका सामानहरुमा फेब्रिकेशन आदि गर्नु पर्ने भएमा ठेकेदार स्वयंले गर्नुपर्ने छ र सो वापत कुनै भुक्तानी दिईने छैन ।

१.१० बितरण केन्द्रले उपलब्ध गराउनु पर्ने सम्पुर्ण सामाग्री केन्द्रको स्टोर जुंम्री, प्यूठानबाट ढुवानी गर्नु पर्ने छ ।

१.११ कार्य सम्पन्न भएपछि बांकी रहेका सामान अन्तिम विल भुक्तानी अगावै केन्द्रको स्टोर जुंम्री, प्यूठानमा फिर्ता दाखिला गर्नु पर्ने छ ।

१.१२ लाईन विस्तारको लागि आवश्यक पर्ने सम्पुर्ण औजारहरु ठेकेदार स्वयंले व्यवस्था गर्नु पर्ने छ ।

१.१३ कार्य आदेश प्राप्त पछि सर्भे, रुट स्केचिड., नक्शा सो को लागि चाहिने मेटेरियल लिस्ट ठेकेदारले स्वयं तयार गरी पेश गरे पछि सो को लागि सामान उपलब्ध गराईने छ ।

१.१४ निर्माण कार्य सम्पन्न गरी सके पछि लाईन चार्ज गर्ने जिम्मेवारी ठेकेदारको नै हुने छ ।

१.१५ निर्माण कार्य ने.वि.प्रा.को टेक्नीकल नर्मस तथा साइड इन्चार्जको निर्देशन अनुसार गर्नु पर्ने छ । नर्मस तथा स्पेसिफिकेशन अनुसार कार्य भएको नपाइएमा साइट इन्चार्जको सिफारिशमा सुधार गर्न लगाइनेछ र सो को खर्च ठेकेदार स्वयंले व्यहोर्नु पर्ने छ ।

१.१६ विल अफ क्वान्टीटीमा उल्लेख भएको साईट तथा परिमाणमा १५% सम्म थपघट गर्न सकिने छ ।

२.० <u>सिलबन्दी दरभाउपत्र दाताको योग्यता :</u>

२.१ नेपाल सरकारबाट निर्माण व्यवसाय गर्न नविकरण भएको इजाजत पत्रको प्रमाणित प्रतिलिपि पेश गरेको हुनु पर्ने छ ।

२.२ दरभाउपत्रदाताले आफुले गरी आएको कामको क्षमता अनुभव आदि दर्शाउने कागजातहरु पेश गर्नु पर्ने छ ।

२.३ दरभाउपत्रदाताले आ.व.२०७३/०७४ सम्म आयकर चुक्ता, मू.अ.क. दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पनि पेश गर्नु पर्ने छ ।

२.४ दरभाउपत्रदाताले सम्बन्धित कामको लागी आफुसंग भएको ज्यावल उपकरणहरु र जनशक्तिको विवरण र अवस्था खुलाई दरभाउपत्रसाथ पेश गर्नु पर्ने छ ।

३.० *सिलबन्दी दरभाउपत्रको तयारी :*

३.१ सिलबन्दी दरभाउपत्र भर्नु वा जम्मा गर्नु अघि दरभाउपत्रमा उल्लेख भएका शर्तहरु, स्पेशिफिकेशन, निर्माण गर्ने समय, कामको परिमाण, निर्देशन आदि सामग्री राम्ररी अध्ययन गरेर मात्र दरभाउपत्र जम्मा गर्नु हुन अनुरोध गरिन्छ र सो अध्ययन नगरी त्यसै जम्मा गरेमा त्यसबाट हुने परिणामको जिम्मा स्वत: दरभाउपत्रदाता नै हुने छ । दरभाउपत्रमा उल्लेखित कुराहरु वा शब्दको अर्थ प्रष्ट नभएमा धनीको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरीन्छ ।

३.२ सिलबन्दी दरभाउपत्रमा उल्लेखित शर्तहरु र निर्देशन अनुसार दरभाउपत्र भर्नु पर्ने छ । कार्य तालिका अनिर्वाय रुपले भर्नु पर्ने छ । निर्धारित समय भित्र काम सम्पन्न गर्ने गरी कार्य तालिका नभरेको दरभाउपत्र स्वीकार गरिने छैन ।

४.० *कार्यको परिमाण :*

(क) गर्नुपर्ने कामको परिमाण, संलग्न कार्य परिमाण मुल्य फाराम अनुसार हुनेछ तर धनीले चाहेमा यस परिमाण लाई १५ (पन्ध्र) प्रतिशतले घटी वा बढी पनि गर्न सक्ने छ । सम्झौता सम्पन्न भई कार्य शुरु भैसके पछि पनि अन्य कुनै कारणवस उल्लेखित १५% भन्दा घटी काम गराउनु पर्ने अवस्था आएमा पनि धनीले गराउन सक्ने छ र यसमा दरभाउपत्रदाताले कूनै किसिमको दाबी विरोध गर्न पाउने छैन । परिमाण मुल्य फाराममा उल्लेख गरिएको कार्य परिमाणहरुलाई पुर्णरुपमा वा आंशिक रुपमा वा दरभाउपत्रदाता बीच बांडेर दरभाउपत्र स्वीकृत गर्ने अधिकार पनि धनीमा सुरक्षित रहनेछ । कामको गुणस्तर यसै दरभाउपत्र साथ संलग्न स्पेशिफिकेशन अनुसार हुनु पर्ने छ ।

(ख) कार्यालयले उपलव्ध गराउनुपर्ने सामानहरु कुनै कारणवस समयमा उपलव्ध हुन नसकेमा वा ढिलो भएमा कामको परिमाणमा थप घट गर्न सकिनेछ । सो कारणबाट ठेकेदारलाई कुनै हानी नोक्सानी भएमा सो को क्षतिपूर्ति दिइने छैन ।

५.० *मुल्य र रुपैया :*

५.१ दरभाउपत्रदाताले दर नेपाली मुद्रामा मुल्य उल्लेख गर्नु पर्ने छ र भुक्तानी पनि नेपाली मुद्रामा एकाउण्टपेयी चेकबाट गरिने छ । दरभाउपत्रदाताले अनुरोध गरेमा ड्राफटद्वारा पनि भुक्तानी दिन सकिने छ । तर ड्राफट बनाउदा लाग्ने कमिशन ठेकेदारले व्यहोर्नु पर्ने छ ।

५.२ प्रत्येक आइटमको ईकाई मुल्य अंक र अक्षरमा प्रष्ट लेख्नु पर्ने छ । सो मा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६.० *करहरु :*

नेपाल विद्युत प्राधिकरणले दरभाउपत्रदातालाई नियमानुसार कर तिर्न लगाउने छ र सो करहरु दरभाउपत्रदाताले उल्लेख गरेको मोलमा नै समावेश भएको मानिने छ

७.० अर्नेष्टमनी :

दरभाउपत्रदाताले बिडबण्ड वापत रु.४४,१००।०० रकम जम्मा गरेको सक्कलै भौचर वा बैक ग्यारेन्टीको रुपमा दरभाउपत्र साथ समावेश गरेको हुनु पर्ने छ ।

७.१ बैक भौचर :

बिडबण्ड वापत रु.४४,१००।०० (अक्षेरुपी चवालीस हजार एक सय मात्र) नेपाल बैंक लिमिटेड प्यूठान शाखामा रहेको नेपाल विद्युत प्राधिकरण प्यूठान बितरण केन्द्रको च.हि. खाता नं. ०५२००१००७५०४४३०००००१ मा रकम जम्मा गरी सो को सक्कल १ (एक) प्रति बैंक भौचर दरभाउपत्र साथ नत्थी गरेको हुनु पर्ने छ ।

७.२ बैक जमानी पत्र (बैक ग्यारेन्टी) :

बिडबण्ड वापत रु.४४,१००।०० (अक्षेरुपी चवालीस हजार एक सय मात्र) को नेपाल स्थित वाणिज्य बैकहरुको जमानी पत्रलाई पनि मान्यता दिईने छ । यो जमानी पत्र (विडवण्ड) धनीको नाउमा जारी गरिनुको साथै के विषय वापतको हो भन्ने कुरा पनि प्रष्ट उल्लेख भएको हुनु पर्ने छ । नेपाल स्थित वाणिज्य बैंकहरुबाट जारी गरिएको विडवण्डलाई मात्र मान्यता दिईने छ । विडवण्डको म्याद कम्तीमा पनि ९० (नब्बे) दिनको हुनुपर्ने छ । असफल दरभाउपत्रदाताको विडवण्ड फिर्ता दिइनेछ । सफल दरभाउपत्रदाताको विडवण्ड परफरमेन्स वण्ड जम्मा गरी ठेक्का सम्झौता भई सकेपछि मात्र फिर्ता दिइने छ । दरभाउपत्रको निर्णय नभए सम्म दरभाउपत्रदाताले पेश गरेको विडवण्ड धरौटी फिर्ता दिईने छैन ।

८.० अभिप्राय पत्र (लेटर अफ इन्टेन्ड) :

दरभाउपत्र स्वीकृत भई सके पछि सम्बन्धित दरभाउपत्रदातालाई दरभाउपत्र स्वीकृत भएको अभिप्राय पत्र (लेटर अफ इन्टेन्ड) दिईने छ । यस पत्रमा ठेक्का सम्झौता गर्नको लागी परफरमेन्स वण्ड सहित यति दिन भित्रमा आउनु होला भन्ने समेत उल्लेख गरिएको हुने छ । उल्लेखित अवधि भित्र ठेक्का सम्झौता गर्न नआएमा अर्नेष्टमनी जफत हुनेछ ।

९.० सम्पादनवन्ध पत्र (परफरमेन्स वण्ड) :

अभिप्राय पत्र प्राप्त गरेपछि ठेकेदारले दरभाउपत्रमा आफुले कबोल गरेको कुल रकमको ५(पांच) प्रतिशलले हुने रकम नेपाल विद्युत प्राधिकरण प्यूठान बितरण केन्द्रको नाममा नेपाल बैंक लिमिटेड प्यूठान शाखामा रहेको च.हि. खाता नं. ०५२००१००७५०४४३०००००१ मा रकम जम्मा गरेको सक्कल बैक भौचरको साथै बैक जमानी पत्र (परफपरमेन्स वण्ड) लाई पनि स्वीकार गरिने छ । तर यो परफरमेन्स वण्ड नेपाल स्थित बैंकहरुबाट धनीको पक्षमा जारी गरिनुको साथै सो मा दरभाउपत्रको विषय र दरभाउपत्र नं. सहित उल्लेख भएको हुनुपर्ने छ । यस बैक जमानी पत्रको म्याद कम्तीमा पनि १ (एक) वर्षको हुनु पर्ने छ । ठेक्का सम्झौता भई सकेपछि मात्र बिडवण्ड फिर्ता गरिनेछ ।

१०.० सिलबन्दी दरभाउपत्रको तुलना :

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्दा सामान्यतया सबै भन्दा कम मूल्य अंकित गर्ने दाताको दरभाउपत्र स्वीकार गरिने छ । दरभाउपत्र मुल्यांकन हुंदा वा स्वीकृतिको लागि बिचार हुंदा दरभाउपत्र दिने फर्म वा कम्पनीको अनुभव वित्तीय क्षमता,ख्याति, विश्वसनियता, सकभर सरकारी

कार्यालय वा अन्य सरकारी स्वामित्व भएको संगठित संस्थान वा गैर सरकारी संस्थानहरु संग गरेको सम्बन्धीत ठेक्काको अनुभव, काम गर्ने समय अवधि आदि कुराहरुलाई पनि ख्याल राखिने छ । दरभाउपत्रको तुलना गर्दा साधारणतया धनीले उल्लेख गरेको स्पेशिफिकेशन र शर्तहरु मान्ने दरभाउपत्रहरु माथि विचार गरिने छ ।

११.० *सिलबन्दी दरभाउपत्र अस्वीकृती :*

निम्न अवस्थाहरुमा प्राप्त सिलबन्दी दरभाउपत्रहरु अस्विकृत गरीने छ ।

१. दरभाउपत्रमा कार्यालयको छाप तथा कार्यालय प्रमुख वा निजले तोकेको आधिकारिक दस्तखत नभएमा ।
२. दरभाउपत्र एउटाको नाममा खरीद गरिएको तर अर्काको नामबाट दाखिला गरेमा ।
३. विडवण्डमा फलानो कामको लागि हो भनी उल्लेख नगरिएमा ।
४. राम्ररी सिलवन्दी नगरिएको लिफाफामा दरभाउपत्र राखिएमा ।
५. दरभाउपत्र फाराम प्रस्तावाना शर्तहरु साथै रहेको परिमाण मूल्य फाराम (विल अफ क्वान्टीटी) मा दरभाउपत्रदाताको सही र छाप नभएमा ।
६. निर्धारित समय भन्दा पछि दरभाउपत्र फाराम प्राप्त भएमा ।
७. मांग गरिएको अनुरुपको धरौटी रकम वा विडवण्ड दरभाउपत्रसाथ नभएमा ।
८. माग भए वमोजिमको बिडबण्ड वापतको रकम पुरा जम्मा नभएमा ।
९. माग गरिएका शर्तहरु वा रीतपुर्वक अनुसारको दरभाउपत्र नभएमा ।
१०. दरभाउपत्र अधुरो भएमा ।
११. खरिद भएको सक्कल दरभाउपत्र फाराम पेश नगरिएमा ।
१२. दरभाउपत्र फाराम साथ संलग्न कार्य तालिका नभरेको ।

१२.० *भुक्तानी गर्ने तरिका :*

निम्नानुसार भुक्तानी गरिनेछ :

१२.१ काम समाप्त भई सकेपछि कार्यालयबाट उपलब्ध गराइएको मेजरमेन्ट सीट अनुसार फिल्डमा निर्माण भई लाईन चार्ज भएको विवरण ठेकेदारबाट पेश भएमा सोही विवरण अनुसारको रनिङ विल वा एउटै विल (फाइनल) बाट नेपाली मूद्रामा चेकद्वारा भुक्तानी गरिनेछ ।

१२.२ विल भुक्तानीको लागि पेश गर्दा स्टोर किल्यरेन्स अनिवार्य रुपमा ठेकेदारले गराउनु पर्नेछ ।

१२.३ रनिङ विल एक भन्दा बढी हुने छैन ।

१२.४ प्रत्येक विलबाट ५ (पांच) प्रतिशत कट्टा गरी धरौटीको रुपमा राखिने छ र कार्य सन्तोषजनक रुपमा पुरा भए पछि उक्त ५ (पांच) प्रतिशत धरौटी रकम कार्य सम्पन्न भएको मितिले ६ (छ) महिना पश्चात कर चुक्ता प्रमाण पत्र ल्याए पछि यो रकम र परफरमेन्स वण्डको रकम फिर्ता दिन सकिने छ ।

१२.५ करको हकमा नेपाल सरकारको आर्थिक ऐन अनुसार हुने छ ।

१२.६ कहिले काही रकमको अभाव हुदा काम सम्पन्न भई सकेपछि पनि आंशिक रुपमा भुक्तानी गर्न सकिने छ । कार्य तालिका अनुसारको काम नभएमा रनिङ विल भुक्तानी दिन सकिने छैन ।

१२.७ कार्य प्रगति तथा मेजरमेन्ट सीटको आधारमा सामान उपलब्ध गराउने छ । कुनै कारणबश कार्यालयले सामान उपलब्ध गराउन नसकेको खण्डमा ठेकेदारले सो वापत क्षति पुर्ति दावी गर्न पाउने छैन ।

१२.८ स्पेशिफिकेशन अनुसार नभएको कार्यको भुक्तानी दिइने छैन ।

१३.० <u>काम सम्पन्न गर्ने अवधि :</u>

काम सम्पन्न गर्ने अवधि (मर्मत संम्भार सम्बन्धी बाहेक) ठेक्का सम्झौता भए पछि कार्यादेशमा उल्लेख भए बमोजिम हुने छ ।

१४.० <u>ठेक्का पट्टा तोड्न सकिने :</u>

सम्झौता भएको मितिले ७ (सात) दिन भित्र काम शुरु नभएमा वा कार्य तालिका अनुसार काम नगरेमा वा म्याद सकिएको ७ (सात) दिन ग्रेस पिरियड पछि जुनसुकै वेला विना सुचना ठेक्का रद्द गरिने छ ।

१५.० <u>म्याद थप :</u>

दैवि प्रकोपले गर्दा काम ढिलाई हुन गएमा वा कार्यालयलाई उचित लागेमा म्याद थप गर्न सकिने छ ।

१६.० <u>जरिवाना :</u>

<u>ठेकेदारले समयमा काम नगरेमा निम्नानुसार गरिनेछ</u> ।

१६.१ माथि दफा १४ मा उल्लेख भए अनुसार ठेक्का पट्टा तोड्न सकिनेछ ।
१६.२ म्याद सकिएपछि ७ (सात) दिन सम्म ग्रेस पिरियड दिईने छ । त्यसपछि प्रत्येक हप्ता बांकी कामको हुने रकममा १/२ प्रतिशत जरिवाना लाग्नेछ र जरिवाना बढिमा १० प्रतिशतसम्म हुनेछ । जरिवाना लागेकै बखत जुनसुकै बेला ठेक्का पट्टा रद्द गर्न सकिनेछ ।

१७.० <u>परिमाणमा थपघट :</u>

कार्य परिमाण फाराममा उल्लेखीत परिमाण १५ प्रतिशत सम्म थपघट गर्न सकिने छ । कुनै कारणबस १५ प्रतिशत भन्दा घटी काम गर्नु पर्दा ठेकेदारले कुनै किसिमको क्षतिपुर्ति दावी गर्न पाउने छैन ।

१८.० <u>ठेक्का पट्टा अनुसार कार्य नभएमा</u> :

ठेक्का पट्टा अनुसार काम शुरु नगरेमा वा शुरु गरी बीचमा छाडेमा वा ठेक्का सम्झौता अनुसार काम नगरेमा विना सुचना ठेक्का पट्टा तोडन सकिने छ । यसरी ठेक्का पट्टा तोडी ठेक्काको सम्पुर्ण अधुरो कार्य पुरा गर्न ठेक्का रकम भन्दा जे जति बढी खर्च लाग्न सक्ने हुन्छ त्यो बढी रकम र यसवाट प्राधिकरणलाई हुन सक्ने क्षति पुर्ति समेत ठेकेदारबाट असुल उपर गराईने छ ।

१९.० भवितव्य :

कुनै किसिमका अप्रत्याशित घट्ना घ्टन गई कार्य तालिका अनुसार काम सम्पन्न भएन भने ठेक्काको म्याद बढाउन सकिनेछ । यस अवस्थामा ठेकेदारले म्याद सकिनु १ (एक) हप्ता अगावै कारण खुलाई म्याद बढाउन लिखित आवेदन पेश गर्नु पर्ने छ ।

२०.० यो ठेक्का संगको कानुनी कुराहरु :

यो ठेक्का सम्झौता संग सम्बन्धित कुराहरु नेपाल विद्युत प्राधिकरणको आर्थिक विनियम अनुसार र सो मा उल्लेख नभएका कुराहरु प्रचलित कानुन अनुसार हुने छ ।

२१.० सुचना पठाउने ठेगाना :

यो सिलबन्दी दरभाउपत्रको विभिन्न ठाउंमा दरभाउपत्रदाताको नाम, ठेगाना उल्लेख गर्नु हुन भनिएको छ । ठेगानाको साथ आफ्नो वा पायकको फोन नं. समेत उल्लेख गर्नु हुने छ । सो स्थानमा उल्लेख गरिएको ठेगानालाई नै धनीको पत्रचारको ठेगाना मानिने छ । छिटो छरितो चांडै पुग्ने अन्य कुनै ठेगाना भए पत्राचारको ठेगाना भनी कृपया बेग्लै उल्लेख गर्नु हुने छ । यो ठेगानामा बुझाएको वा रजिष्ट्री डांकद्धारा समयमै पठाएको पत्रहरु निज कहां समयमै पुगेको मानिने छ ।

२२.० हानी नोक्सानी :

२२.१ कार्यालयबाट उपलव्ध गराईएको सामान टुट फुट तथा हराएमा स्टोरको मुल्य बराबरको रकम ठेकेदारबाट असुल गरिनेछ ।
२२.२ निर्माण कार्य गर्दा ज्यु धनको क्षति भएमा सो को सम्पुर्ण जिम्मेवार ठेकेदार नै हुनेछ ।

२३.० ठेक्का सम्झौतामा परिवतर्न :

ठेक्का सम्झौतामा केही परिवर्तन गर्न आवश्यक भएमा दुबै पक्षको लिखित स्वीकृतीको आधारमा गरिने छ । मिति २०७४/०८/१० गतेको राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सुचना अनुसार माथि उल्लेखित १ देखि २३ सम्मको शर्तहरुको अन्तर्गतका दफा उपदफाहरु पढि बुझी सो मा उल्लेखित शर्तहरु अनुसार काम सम्पन्न गर्न म मञ्जुर भएको व्यहोरा अनुरोध गर्दछु ।

दरभाउपत्रदाता (फर्म) को नाम :

ठेगाना :

टेलिफोन नं. :

फर्मको तर्फबाट सही गर्नेको पुरा नाम :

सही :

फर्मको छाप :

कार्य तालिका फारम :

सिलबन्दी दरभाउपत्र नं. : PDC-2074/075- Line Construction-SQ-01

क्र.सं.	विवरण	आ.ब. २०७४/०७५			
		पौष	माघ	फाल्गुण	चैत्र
१	सर्भे,रुट स्टेकिङ.,मेटेरियल स्टीमेट आदि				
२	पोलिङको काम				
३	तार तान्ने काम				
४	ट्रान्सफरमर जडान				
५	लाईन चार्ज				
६	कार्य सम्पन्न/ विल/ मेजरमेन्ट/साईट किल्यरेन्स आदि				

दरभाउपत्रदाताको सही / छाप :

TECHNICAL SPECIFICATION OF CONSTRUCTION WORKS

A. Erection of 11, 10, 9 and 8 m. long Steel Tubular Pole

i. Transportation to site/construction place.
ii. A minimum of 1.8 m deep hole shall be dug for erection of 11 m pole, 1.6 m deep hole for 10m pole, 1.5 m deep hole for 9m pole and 1.3 m deep hole for 8 m pole. After erection, proper ramming shall be done around the pole.
iii. The Pole should be straight (perpendicular to the ground.)

B. Installation of Stay Set

I. Stay plate shall be approximate depth of 5 feet for LT and 6 feet for HT.
II. Stay insulator shall be put in stay wire at least 12 feet above ground level.
III. Stay wire shall be in tension.

C. Stringing of ACSR Conductor 0.03 sq.inch Weasel/0.05 sq.inch Rabbit ACSR Conductor

I. The conductors shall be in tension after stringing.
II. Stringing of conductor includes fittings of channel, Bracket, pin insulator, disc insulator/ or D-iron shackle, dead end points, jumperings shall be used as required.
III. The size of conductors to string in particular poles shall be as directed by NEA.

D. Sagging

Conductors shall be sagged in a balanced way to the satisfaction of NEA.

The importance of careful sagging of conductors cannot be over emphasized. Conductors have definite characteristic that control their behavior resulting from changes of temperature, wind speed and additional load due to ice, or wet snow.

Conductors must not be sagged to tightly as unspecified extra tensions may result in failure of conductor/structure.

Conductors sagged to loosely may contact adjacent conductors, hardware's or any structure. Excess sag can reduce clearance beneath the line with ground to the point of danger.

E. Bush Cutting

For the right of way area in line construction area the bush cutting work has to be done by contractor itself and no any additional payment has to be made for the work.

F. Installation of Distribution Transformer

I. Transportation from site store to installation place.
II. Installation of transformer on transformer base.
III. Installation of DO fuse, L/A, MCCB/Kit-Kat fuse & completing the earthing works.

G. Testing and commissioning the whole installed system

- The contractor must submit the megger test report of constructed line, NEA will accept the line system if the megger value is of value specified by NEA's technical standard. If the megger value does not match value specified by NEA's technical standard the contractor shall change the necessary changes and NEA will accept after then.

- For the testing of constructed of line system the contractor shall request the NEA at least 3 days in advance, and the necessary test equipment shall be arranged by contractor itself.

H. Shutdown

For the connection of the new line to be constructed with the existing 33 kV line at the working area, the Contractor shall request the NEA for the shutdown of existing line, at least 3 days in advance. The request letter or form shall include duration of shutdown needed. The period of shutdown shall be as minimum as possible. NEA has right to decrease the period of shutdown, if requested period of shutdown by Contractor is excessive and to shift the date of shutdown.

The Contractor shall complete the work, during the shutdown period within the stipulated time period. If the Contractor fails to complete the work within the stipulated time limit, the Employer will claim the amount of money arising from the loss of energy not transmitted or distributed.

NOTE:
Whatever mentioned in the Tender Book, the supply of line construction material and the construction of work must satisfy the NEA's Technical Standard.

Nepal Electricity Authority

Distribution & Consumer Service Directorate

Nepalgunj Regional Office

Pyuthan Distribution Centre

Bill of Quantites (BOQ) & Price Schedule

Job Description : 33 KV HT Line & 400/230 Volt LT Line Construction at Sabik Fopli VDC areas, Pyuthan . (Sealed Quotation No. PDC-2074/075-Line Construction-S.Q.-01)

S. N.	Description of work	Unit	Quantity	Rate (NRs.)		Total Amount (NRs.)	Remarks
				In Figure	In words		
(1) 33 KV HT Line Construction at Sabik Fopli VDC, ward no. 9 areas							
1	Erection of 11m. long Steel Tubular folding type Pole for HT Line	Set	**13.00**				
2	Stringing of 0.05 sq.inch ACSR 'Rabbit' Conductor 3 wire for HT Line	Km	**0.33**				
3	Installation of Stay Set complete work	Set	**4.00**				
4	Transportation (manual & by tractor) of materials with loading & unloading from office to site	Trip	**1.00**				
	Total with Vat						
(2) 33 KV HT Line Construction at Sabik Fopli VDC, ward no. 8 areas							
1	Erection of 11m. long Steel Tubular folding type Pole for HT Line	Set	**3.00**				
2	Stringing of 0.05 sq.inch ACSR 'Rabbit' Conductor 3 wire for HT Line	Km	**1.03**				
3	Installation of Stay Set complete work	Set	**13.00**				
4	Transportation (manual & by tractor) of materials with loading & unloading from office to site	Trip	**1.00**				
	Total with Vat						
(3) 33 KV HT Line Construction at Sabik Fopli VDC, ward no. 8, 9 areas							
1	Erection of 11m. long Steel Tubular folding type Pole for HT Line	Set	**15.00**				
2	Stringing of 0.05 sq.inch ACSR 'Rabbit' Conductor 3 wire for HT Line	Km	**2.40**				
3	Installation of Stay Set complete work	Set	**28.00**				
4	Transportation (manual & by tractor) of materials with loading & unloading from office to site	Trip	**2.00**				
	Total with Vat						
(4) 400/230 Volt LT Line Construction at Sabik Fopli VDC, ward no. 3, 5, 6 areas							
1	Erection of 8m. long Steel Tubular folding type Pole for LT Line	Set	**32.00**				
2	Stringing of 0.05 sq.inch ACSR 'Rabbit' Conductor 1 wire for LT Line	Km	**3.90**				
3	Installation of Stay Set complete work	Set	**18.00**				
4	Transportation (manual & by tractor) of materials with loading & unloading from office to site	Trip	**3.00**				
	Total with Vat						
	Grand Total with Vat						

Total Amount in Words (with VAT) :NRs.....

Name of the Contractor :

Signature :

Seal of the Firm :

Date : Tel. No

:

श्रीमान् केन्द्र प्रमुख ज्यु,
नेपाल विद्युत प्राधिकरण,
प्यूठान बितरण केन्द्र ।

विषयः सिलबन्दी दरभाउपत्र दाखिला गरेको बारे ।

महोदय,

उपरोक्त विषयमा त्यस कार्यालयको लाईन निर्माण कामको सिलबन्दी दरभाउपत्र नं. PDC-2073/074-Line Construction-S.Q.-01 पुरै अध्ययन गरी प्राधिकरणको प्रचलित नियम कानुन अर्न्तगत रही यस कार्यको रु.....अक्षेरुपी..... ..... रकममा कार्य गर्न नियमानुसारको अर्नेष्टमनि सहित पेश गरेको छु ।

पेश गर्नेको :

सही : ..... नाम :.....

फर्मको छाप : फर्मको नाम :.....

ठेगाना :.....

मिति :.....